कार्यपालिकाको ५८ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८१ साल चैत्र महिनाको १६ गते आइतबार

अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री ~~डंक प्रसाद पुन~~ – वडा अध्यक्ष वडा नं. १
मान सिं थापामगर – कार्यवाहक अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५
श्री नविन घर्ति पुन - कार्यवाहक अध्यक्ष वडा नं. ५

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

१) अशोक रिजाल – शिक्षा अधिकृत
२) सागर पण्डित – सहायक लेखा अधिकृत
३) दिपक थापामगर – सब-इन्जिनियर
४) स्यापिरी गर्बुजा पुन – ना.सु. (प्रशासन) शाखा

प्रस्तावहरुः-

१. भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४४२ मिति २०८१।१२।११ को पत्रमा सम्बत् २०८२ असार मसान्त सम्ममा वर्गीकरण भएको क्षेत्रको भु-उपयोग नक्सा तथा विवरण अद्यावधिक गरी सक्नुपर्ने भन्ने भएकोले सो पत्र कार्यान्वयन सम्बन्धमा ।

२. विद्यालयको कक्षा थप सम्बन्धमा ।

३. शिक्षक व्यवस्थापन सम्बन्धमा ।

४. खनिज स्लेट खानी दर्ताको सिफारिस सम्बन्धमा ।

५. कर प्रयोजनको लागि गाँउपालिकाका जग्गाको मुल्याङ्कन सम्बन्धमा ।

६. हाल सम्म भएको मालिका गाउँपलिकाको आ.व. २०८१/८२ को आय-व्यय विवरणको समिक्षा सम्बन्धमा ।

७. अपर म्याग्दी हाईड्रोपावर लि.को सामाजिक सहयोग कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा ।

८. ढुङ्गा, गिट्टि, बालुवाको न्यूनतम दररेट सम्बन्धमा ।

९. कामदार दुर्घटना विमा सम्बन्धमा ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

११. विविध ।

निर्णयहरुः

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त च.नं. ४४२ मिति २०८१।१२।११ को पत्र कार्यान्वयनका सम्वन्धमा सेवा तथा परामर्श शिर्षकबाट खर्च गर्ने गरि सार्वजनिक खरिद नियमावली बमोजिम दररेट माग गरि छनौट भएको फर्मबाट तोकिएको समयभित्र कार्य सम्पन्न गर्ने गरि काम सम्पन्न गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८१/१२/०५ गतेको गाउँ शिक्षा समितिको सिफारिस अनुसार शैक्षिक सत्र २०८२ बाट तपसिल बमोजिमको विद्यालयमा तपसिल बमोजिमको कक्षा थप गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. श्री शिद्ध ज्योति आधारभूत विद्यालय, मालिका ३ | कक्षा ३ |
| ख. श्री फ्यूचर स्टार एकेडेमी प्रा.लि., मालिका ६ | कक्षा ६ |
| ग. श्री राष्ट्रिय माध्यमिक विद्यालय, मालिका २ | कक्षा १२ |

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८१/१२/०५ को गाउँ शिक्षा समितिको सिफारिस बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११, ज को ११ अनुसार सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलानको नियमानुसार श्री निस्कोट माध्यमिक विद्यालय, मालिका १ मा कार्यरत बालबिकास सहजकर्ता श्री राम कुमारी पुनलाई बाल विकास सहजकर्ता दरवन्दी शून्य भएको विद्यालय श्री महभिर आधारभूत विद्यालय, मालिका ४ र श्री जनज्योति आधारभूत विद्यालय, मालिका ३ मा कार्यरत प्र.अ. श्री याम वहादुर विश्वकर्मालाई श्री अमरज्योति माध्यमिक विद्यालय, मालिका ३ मा सोही दरवन्दीमा शैक्षिक सत्र २०८२ देखि खटनपटन गरि श्री जनज्योति आधारभूत विद्यालय, मालिका ३ मा रिक्त हुने दरवन्दीमा गाउँपालिकाको अनुमति बमोजिम विज्ञापन गरि शिक्षक व्यवस्थापन गर्ने सर्बसम्मत निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा रुमाले स्लेट ढुङ्गा खानी उद्योग एण्ड सप्लायर्स प्रा.लि., मालिका गाउँपालिका २, रुमले खानी तथा भू-गर्भ विभागमा स्लेट ढुङ्गा खानीको लागि सिफारिस माग गरेको सम्बन्धमा नियमानुसार खानी सञ्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिने सर्बसम्मत निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस मालिका गाउँपालिकामा एकिकृत सम्पत्ति कर लागू नभएको सन्दर्भमा सम्वन्धित वडाहरुबाट मूल्याङ्कन भई आएको न्यूनतम दररेट नै यस गाउँपालिकाको न्यूनतम दररेट मान्ने सर्बसम्मत निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा मालिका गाउँपलिकाको आ.व. २०८१/८२ को हाल सम्मको आय-व्यय विवरणको समिक्षा गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा अपर म्याग्दी हाइड्रोपावर लि. (अपर म्याग्दी १ - ५३.५ मे.वा. जलविद्युत् आयोजना) ले मालिका गाउँपालिका अन्तर्गतका सामाजिक क्षेत्रमा गरेको हाल सम्मको खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा मालिका गाउँपालिकाको गाउँ सभाले ढुङ्गा गिट्टी बालुवा न्यूनतम दररेट प्रति घन फिट रु. ९/०० निर्धारण गरेको तर उक्त नदिजन्य पदार्थको न्यूनतम दररेट रु. ९/०० भएको सन्दर्भमा नदिजन्य पदार्थबाट उठ्ने राजश्वको हिस्सा प्रदेश सरकारको पनि हुने भएकोले खरिद प्रक्रियामा भाग नलिई कार्यपालिकाको निर्णयबाट सोझै बिक्रि गर्नुपर्ने भएमा मालिका गाउँपालिका गाउँसभाले तोकेको दररेटमा १० प्रतिशत वृद्धि गरि सम्वन्धित प्रयोगकर्तावाट राजश्व असुली गर्ने सर्बसम्मत निर्णय गरियो ।

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा मालिका गाउँपालिका वडा नं. ४ निवासी नगेन्द्र सुनार (ना.प्र.प.नं. ४९१०३०/१५३५०) मिति २०८१/१२/०६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित सिद्धार्थ मा.वि. देखि आरबोट पदमार्ग निर्माण योजनामा कार्य गर्न जाने क्रममा वोलेरो जीप दुर्घटना परि मृत्यु भएकोले सम्वन्धित निकायमा नियमानुसार पाउने बिमा रकम दाबीको लागि सिफारिस गर्ने सर्बसम्मत निर्णय गरियो ।

१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा मालिका गाउँपालिका वडा नं. ४ निवासी नन्दराज बुढाथोकीको छोरा चोक बहादुर बुढाथोकी विगत २ वर्ष देखि अध्ययनको सिलसिलमा जापानमा रहेको अवस्थामा निजलाई ३ महिना अगाडी एप्लास्टिक एनीमिया (बोनम्यारो) रोग लागि अस्पतालमा भर्ना भई उपचाररत रहेको सन्दर्भमा उक्त रोगको उपचारमा ठुलो रकम लाग्ने भएको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकोले निजलाई यस गाउँपालिकाको

आ.व. २०८१/०८२ को विपतजन्य क्षतिबाट पुनर्निमाण तथा राहत वितरण (पालिका स्तरिय) शिर्षकबाट रु. ५०,०००/०० आर्थिक सहायता गर्ने सर्वसम्मत निर्णय गरियो ।

११) यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लक्षित वर्गको कार्यक्रम शिर्षकमा रु. १५ लाख र स्विटर, अल्लो, नेपाली कागज लगायतका उद्यम प्रर्वर्द्धन शिर्षकमा रु. ८ लाख विनियोजन भएकोमा उक्त बजेटको बाडफाँड सन्दर्भमा मिति २०८१/११/०८ र मिति २०८१/१२/१७ गतेको उद्यम विकास समितिको बैठक निर्णयलाई अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।